## दुल्लू नगरपालिकाको

# आर्थिक ऐन,२०७८

### नगर सभाबाट स्वीकृत मितिः २०७८/०३/२४

## दुल्लू नगरपालिका

### दुल्लू, दैलेख

### कर्णाली प्रदेश, नेपाल

# दुल्लू नगरपालिकाको आर्थिक ऐन,२०७८

दुल्लू नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन
प्रस्तावना: दुल्लू नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम दुल्लू नगर सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि दुल्लू नगरपालिका क्षेत्र भर लागू हुनेछ ।

२.राजश्व नीति : दुल्लू नगरपालिकाको आ.व.२०७८/०७९ को राजश्व नीति अनुसूची (१) बमोजिम हुनेछ ।

३.एकीकृत सम्पति करः नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम सम्पत्ति कर लगाइने छ ।

४.घर वहाल करः दुल्लू नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा वहाल रकमको १० प्रतिशत घर जग्गा वहाल कर लगाइने छ ।

५. व्यवसाय करः दुल्लू नगरपालिका क्षेत्रभित्र व्यापार,व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने छ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु करः दुल्लू नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, जडिबुटी, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत् स्थानीय सरकार संचालन ऐन तथा यस सम्वन्धी प्रदेश कानुनको अधिनमा रही नगर कार्यपालिकाले निर्णय गरे बमोजिम कर लगाइने छ ।

७. सवारी साधन करः दुल्लू नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा स्थानीय सरकार संचालन ऐन तथा नियमावली एवं यस सम्वन्धी प्रदेश कानुनको अधिनमा रही नगर कार्यपालिकाले निर्णय गरे बमोजिम सवारी साधन कर लगाइने छ ।

८. सिफारिस दस्तुर : दुल्लू नगरपालिकाबाट आ.व.२०७८/०७९ मा विभिन्न प्रकारका सिफारिस वापत अनुसूची (५) बमोजिम सिफारिस दस्तुर लिइनेछ ।

९. विज्ञापन करः दुल्लू नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा स्थानीय सरकार संचालन ऐन २०७४ एवं यस सम्वन्धी प्रदेश कानुनको अधिनमा रही नगर कार्यपालिकाले निर्णय गरे बमोजिम विज्ञापन कर लिइनेछ ।

१०. मनोरञ्जन करः दुल्लू नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा स्थानीय सरकार संचालन ऐन तथा नियमावली एवं यस सम्वन्धी प्रदेश कानुनको अधिनमा रही नगर कार्यपालिकाले निर्णय गरे बमोजिम मनोरञ्जन कर लिइनेछ ।

११. बहाल बिटौरी शुल्कः दुल्लू नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा स्थानीय सरकार संचालन ऐन तथा नियमावली एवं यस सम्वन्धी प्रदेश कानुनको अधिनमा रही नगर कार्यपालिकाले निर्णय गरे बमोजिम बहाल बिटौरी शुल्क लगाइने छ।

१२. पार्किङ शुल्कः दुल्लू नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत स्थानीय सरकार संचालन ऐन तथा नियमावली एवं यस सम्वन्धी प्रदेश कानुनको अधिनमा रही नगर कार्यपालिकाले निर्णय गरे बमोजिम पार्किङ शुल्क लगाइने छ।

१३. सेवा शुल्क, दस्तुरः दुल्लू नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेकास्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट स्थानीय सरकार संचालन ऐन तथा नियमावली एवं यस सम्वन्धी प्रदेश कानुनको अधिनमा रही नगर कार्यपालिकाले निर्णय गरे बमोजिम शुल्क लगाइने छ।

१४. पर्यटन शुल्कः दुल्लू नगरपालिकाबाट आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट स्थानीय सरकार संचालन ऐन तथा नियमावली एवं यस सम्वन्धी प्रदेश कानुनको अधिनमा रही नगर कार्यपालिकाले निर्णय गरे बमोजिम पर्यटन शुल्क लगाईने छ।

१५. घरजग्गा (अचल सम्पत्ति) मूल्यांकन दस्तुर : दुल्लू नगरपालिकाबाट घर जग्गा तथा अचल सम्पत्तीको मूल्यांकन गरे वापत अनुसूची (६) बमोजिम दस्तुर लिइनेछ।

१६.नक्सापास दस्तुर : दुल्लू नगरपालिकाबाट घर तथा संरचनाको नक्सा पासद गरे वापत अनुसूची (७) बमोजिम दस्तुर लिइनेछ।

१७. वैदेशिक प्रयोजनको लागि घर जग्गा (अचल सम्पत्ती) तथा आय मूल्यांकन दस्तुर : दुल्लू नगरपालिकाबाट वैदेशिक प्रयोजनको लागि घर जग्गा (अचल सम्पत्ती) तथा आयको मूल्यांकन गरे वापत अनुसूची (८) बमोजिम दस्तुर लिइनेछ।

१८.विविध : .(१) यस ऐनमा उल्लेख नभएका तर कार्यान्वयनका क्रममा आकस्मिक रुपमा आईपर्ने विषयका कर,दस्तुर,शुल्क आदि निर्धारण गर्ने तथा परिभाषा गर्ने सम्वन्धमा नगर कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिम हुनेछ।

१९. कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ।

२०. अमान्य हुने : यस ऐनमा भएका प्रावधान नेपालको संविधान,संघीय कानुन र प्रदेश कानुनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म स्वतः अमान्य हुने छ।

## अनुसूची - १

### (दफा २ सँग सम्बन्धित )

(क) एकीकृत सम्पति कर (राजश्व) संकलन गर्दा आर्थिक बर्षको पहिलो तीन (३) महिना (श्रावण देखि असोज मसान्त ) भित्र कर बुझाएमा १० प्रतिशत छुट दिने, कार्तिक देखि चैत्र मसान्त सम्म कर बुझाएमा तोकिएको दर बमोजिम कर संकलन गर्ने र बैशाख १ गते देखि असार मसान्त सम्म बुझाएमा तोकिएको दरमा १० प्रतिशत थप गरी कर अशुली गर्ने तथा गत विगतको बाँकी बक्यौताको हकमा एकमुष्ट २० प्रतिशत विलम्व शुल्क सहित कर असुल गरिनेछ ।

(ख) मालपोतको मुल्याङ्कनको आधारमा सम्पत्तिकर समायोजन गर्ने र रजिष्ट्रेशन पारित गर्ने प्रयोजनका लागि न्यूनतम मुल्याङ्कन समितिको निर्णयलाई आधार मानी कार्यान्वयनमा ल्याउने ।

(ग) घर बहाल करको हकमा प्रदेश सरकार वा सङ्घीय सरकारले घरबहाल लिन नपाउने र नगरले १० प्रतिशतका दरले कर उठाउने छ ।

(घ) रजिष्ट्रेशन दस्तुरको हकमा जिल्ला दररेट समितिले गरेको निर्णय बमोजिम कार्यान्वयन गर्ने ।

(ङ) सम्पत्तिकर निर्धारण गर्दा दुल्लू नगरपालिकाका सबै वडामा लागु हुने गरी मालपोत कार्यालयले आगामी आ.ब. ०७८/७९ का लागि निर्धारण गर्ने जग्गाको न्यूनतम दररेट बमोजिम नै हुनेगरी दररेट समेत समायोजन गर्ने ।

(च) बर्षभरी सबै भन्दा बढी कर बुझाउने र आर्थिक बर्षको सुरुमै सबैभन्दा पहिला कर बुझाउने करदातालाई नगरसभामा सम्मान गर्ने र करदातालाई प्रोत्साहित गर्ने नीति लिईनेछ ।

छ) राजश्वका दर तथा दायरालाई फराकिलो गरी राजश्वका स्रोतहरु बढाउँदै लगिने छ ।

ज) नगरपालिकाको हल तथा मल्टिमिडिया (प्रोजेक्टर) अन्य संस्था वा व्यक्तिले भाडामा प्रयोग गरेमा हल भाडा प्रतिदिन रु. १,५००(एक हजार पाँच शय) र मल्टिमिडिया (प्रोजेक्टर) भाडा प्रति दिन रु पाँच सय (५००) का दरले लिइने छ ।

झ) नगरपालिकाको स्वामित्वमा रहेको व्याक हो लोडर प्रयोग गरे वापत प्रतिघण्टा.इन्धन बाहेक रु एक हजार ( १०००) र टिप्परको प्रति दिन रु.पाँच हजार (५०००) लिईने तथा प्रति ट्रीप प्रति किलोमटिर ईन्धन सहित रु.५०० (पाँच शय) र प्रति ट्रीप प्रति किलोमटिर ईन्धन बाहेक रु.३०० (तीनशय) लिईनेछ । नयाँ खरिद गरिने ह्याभी इक्विपमेन्टका हकमा नगर कार्यपालिकाबाट तोके बमोजिम हुनेछ ।

ञ) दुल्लू नगरपालिका क्षेत्रभित्रका घर अभिलेखीकरण गर्ने कार्य गरे बापत प्रति घरधुरी रु एक हजार (१०००) दस्तुर लिईनेछ ।

ट) नगरपालिकाको वडा नं. ९ स्थित पादुकास्थान मन्दिर र वडा नं. १० स्थित नाभिस्थान क्षेत्रमा रहेका पार्किङ्ग स्थलमा सवारीसाधन पार्किङ्ग गरेवापत मोटरसाइकल प्रति रु.५ (पाँच), हलुका सवारीसाधन प्रति रु. १०(दश) र भारी सवारी साधन प्रति रु.२० (बीस) का दरले सेवा शुल्क लिईनेछ ।

## अनुसूची - २
(दफा ३ सँग सम्बन्धित )

सम्पत्ति करका दरहरु

| | वर्गीकृत क्षेत्र | स्थान | न्यूनतम मूल्य |
|---|---|---|---|
| वडा नं. १ | व्यापारिक क्षेत्र | डुंगेश्वर क्षेत्र (साविक नाउलेकटुवाल ६) | रु.९,००,००० प्रतिरोपनी |
| | | पातीकाल्ला (साविक नाउलेकटुवाल ३) | रु.२०००० प्रति रोपनी |
| | | डाव वजार (साविक नाउलेकटुवाल ८) | रु.३५००० प्रति रोपनी |
| | | मष्टा वाग्दुला वजार (साविक नाउलेकटुवाल ७) | रु.२५००० प्रति रोपनी |
| | संस्थागत | | |
| | आवासिय क्षेत्र | डुंगेश्वर, पातीकाल्लादुल्लू डाँडीमाडी मोटरवाटोको क्षेत्र (साविक नाउलेकटुवाल) | रु.४००००० प्रतिरोपनी |
| | कृषि क्षेत्र | डुंगेश्वर, डाव, पातीकाल्ला, सुर्खेत, दुल्लू, डाँडीमाडी सडक खण्डको आसपासको क्षेत्र (साविक नाउलेकटुवाल गाविस) | रु.४०००० प्रतिरोपनी |
| | वनवगर क्षेत्र | भौलु, गिटीखोला, सतीपिपल, पारीमेला, हैकीमेला, घट्टेखोला, रेउतीखोला, डुंगेश्वर कर्णाली नदी क्षेत्रको जग्गा ( साविक नाउलेकटुवाल गाविस ) | रु. १०००० प्रति रोपनी |
| वडा नं. २ | व्यापारिक क्षेत्र | भानेश्वर, बडापोखराका (साविक नाउलेकटुवाल गाविस) भलायाकाटिया ( साविक नेपा गाविस ) सडकले छुने जग्गाहरु | रु.४००००० रोपनी |
| | आवासिय क्षेत्र | भुवाचौर, वडापोखरा, (साविक नाउलेकटुवाल गाविस ) भलायाकाटिया, सियाला सडकको आसपासका क्षेत्रहरु ( साविक नेपा गाविस) | रु.४०००० प्रति रोपनी |
| | कृषि क्षेत्र | माथीगाउँ, मध्यगाउँ, रुण्डी, तरियाँ (साविक नाउलेकटुवाल गाविस) वोड, राले, पानसैनका सडकले नछुने भित्रीजग्गाहरु ( साविक नेपा गाविस ) | रु.४०००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | रिग्ने सोती, रानी कुन्टा, दुधे मालिका, सिमखाडा (साविक नाउलेकटुवाल गाविस) भावर, तिदुखोला, लामाडाँडा, धैरेनी ( साविक नेपा गाविस ) | रु.३०००० प्रति रोपनी |
| वडा नं. ३ | व्यापारिक क्षेत्र | पिपलघारी, तियारी स्थान सडकलाई छुने जग्गाहरु (साविक नेपा गाविस) | रु.३,००००० रोपनी |

| | वर्गीकृत क्षेत्र | स्थान | न्यूनतम मूल्य |
|---|---|---|---|
| | व्यापारिक क्षेत्र | पालीबजार क्षेत्र नेपा ६ | रु.४००००० प्रति रोपनी |
| | आवासिय क्षेत्र | पिरु, धारखोला, पाली, टुनिकाल्ला, सिमलतोली, मौलाडाँडा (साविक नेपागाविस) | रु.३०००० प्रति रोपनी |
| | कृषि क्षेत्र | काउलाखाली, बासकोट, खराया, बलीपाटा, खानीगाउँ, पोखरीपाटा, सिमखेत, वजिदह ( साविक नेपा गाविस) | रु.४०००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | रानीवन क्षेत्र, माईकाचौर वन क्षेत्र, निसरा , औल, खेतगाड खोला (साविक नेपा गाविस) | रु.२५००० प्रति रोपनी |
| वडा नं. ४ | व्यापारिक क्षेत्र | शान्तीवजार (साविक दुल्लू गाविस) | रु.१६००००० प्रति रोपनी |
| | | पातीकाल्ला (साविक दुल्लू र नाउलेकटुवाल गाविस) | रु.४००००० प्रति |
| | | बगौराडाँडा (साविक दुल्लू गाविस) बाटोले छुने जग्गा | रोपनी रु.४००००० प्रति रोपनी |
| | संस्थागत | कृष्णकोट (साविक नेपा गाविस) | रु.१००००० प्रति रोपनी |
| | आवासिय क्षेत्र | तल्लीपाउँ, भण्डारीगाउँ, सानगाउँ, (साविक नेपा गाविस) टिमुरगाउँ (साविक दुल्लू गाविस ) | रु.५०००० प्रति रोपनी |
| | कृषि क्षेत्र | घरखेत, पुल्तीखेत, दारिमतला, रवि खेत, पहाडी खेत, सिमाखेत, वडापाटा, रापियाँ, रिटापाटा, गैरीखेत (साविक नेपा गाविस) | रु.४०००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | तेलपोखिया (साविक पादुका गाविस) कैलेवोड (साविक नेपा गाविस) सिरुपाटा (रसियाटापाट, ठाडालेख, माछा करंगे, वारतडी, खोडाखेत, भण्डारी खेत | रु.२५००० प्रति रोपनी |
| वडा नं. ५ | व्यापारिक क्षेत्र | पाथरनाउली देखीकिर्तिखम्व सडकले छुने जग्गाहरु (साविक दुल्लू गाविस) | प्रति रोपनी रु १६००००० |
| | | रिजुस्कुल, सरसीउवारी, पोखरा (साविक छिउडीपूसाकोट गाविस) | प्रति रोपनी४००००० |
| | | रातीमाटा बजार क्षेत्र | प्रति रोपनी रु.९००००० |
| | संस्थागत | चौवारी, कृषि सेवा केन्द्र (साविक दुल्लू गाविस) | प्रति रोपनी रु २००००० देखी ५००००० सम्म |
| | आवासिय क्षेत्र | दुल्लू डाँडीमाडी सडक आसपासका क्षेत्र ( सडकले नछुने) (साविक दुल्लू गाविस) | प्रति रोपनी रु ३००००० देखी ५००००० सम्म |
| | कृषि क्षेत्र | सुर्खेत दुल्लू डाँडीमाडी सडक आसपासका | प्रति रोपनी रु २०००० |

| | वर्गीकृत क्षेत्र | स्थान | न्यूनतम मूल्य |
|---|---|---|---|
| | | क्षेत्रका वस्तीहरु (सडकले नछुने) (साविक छिउडीपूसाकोट गाविस वडा नं. ६ देखी ९ र साविक दुल्लू गाविस वडा नं. ६ र ८) | देखी ५०००० सम्म |
| | वनवगर क्षेत्र | वारतडी (साविक दुल्लू गाविस) वइचन,( साविक दुल्लू गाविस) वागेरह (साविक छिउडीपूसाकोट गाविस) ठाडोलेख (साविक दुल्लू गाविस) रिमे (साविक दुल्लू गाविस) | प्रति रोपनी रु ५०००० देखी १००००० सम्म |
| वडा नं. ६ | व्यापारिक क्षेत्र | रातीमाटा, छिउडीपूसाकोट, वस्नेपाटी, लुंजै तल्लो डुंगेश्वर सडकले छुने जग्गाहरु ( साविक छिउडीपूसाकोट गाविस वडा नं. १ देखी ५ सम्म) | रु.३००००० रोपनी |
| | संस्थागत | वालेवजार देखी महेन्द्रजयदेवीमावि क्षेत्रका सडकले छुने जग्गाहरु (साविक छिउडीपूसाकोट गाविस वडा नं. १ देखी ५ सम्म) | रु.४००००० प्रतिरोपनी |
| | आवासिय क्षेत्र | बालेवजार देखीलुंजै सम्मको सडकले छुने भित्रीभागकाजग्गाहरु (साविक छिउडीपूसाकोट गाविस वडा नं. १ देखी ५ सम्म) | रु.५०००० प्रति रोपनी |
| | कृषि क्षेत्र | सडकले नछुने सम्पूर्ण भित्री भागका जग्गाहरु (साविक छिउडीपूसाकोट गाविस वडा नं. १ देखी ५ सम्म) | रु.५०००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | ढाण, कवुलियती वनहरु, सामुदायिक वन क्षेत्रका भित्री भागका जग्गाहरु (साविक छिउडीपूसाकोट गाविस वडा नं. १ देखी ५ सम्म) | रु.३०००० प्रति रोपनी |
| वडा नं. ७ | व्यापारिक क्षेत्र | कीर्तिखम्व देखी पटांगिनी सम्म मुख्य सडकले छुने जग्गाहरु (साविक दुल्लू गाविस) | रु.१६००००० प्रति रोपनी |
| | आवाशिय क्षेत्र | भण्डारीगाउँ, रोकायावाडा, पटांगिनी, किर्तिखम्व, खेतगाउँ (साविक पादुका गाविस) खाल्चाखाका सडकले नछोएकाभित्रीभागकाजग्गाहरु (साविक दुल्लू गाविस) | सडकले नछोएका रु.५०००० प्रति रोपनी सडकले छोएका : रु.४००००० |
| | कृषि क्षेत्र | खेतगाउँ (साविक पादुका गाविस) भण्डारी गाउँ, पटांगिनी (साविक दुल्लू गाविस) | भित्रीभागका सडकले नछोएका रु. ५०००० प्रति रोपनी सडकले छोएका रु |

| | वर्गीकृत क्षेत्र | स्थान | न्यूनतम मूल्य |
|---|---|---|---|
| | | | २००००० प्रति रोपनी |
| | संस्थागत क्षेत्र | द्रोणाचल क्याम्पस, विजया उच्च मावि क्षेत्र (साविक दुल्लू गाविस | रु.१०००००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | ठाडो वन (साविक दुल्लू गाविस)<br>स्याल्यावन (साविक पादुका गाविस) | रु.१०००० प्रति रोपनी |
| वडा नं. ८ | व्यापारिक क्षेत्र | साहुवाडा (साविक दुल्लू गाविस २) पौवा ( साविक दुल्लू ४, साविक पादुका गाविस ५)<br>घियातिदु (साविक वडलम्जी गाविस ८ )<br>चगत्रावजार (साविक बडलम्जी गाविस १)<br>क्षेत्रहरु सडकले छुने जग्गाहरु | रु.९००००० रोपनी<br><br>रु.९००००० रोपनी |
| | | साहुवाडा श्रीस्थान सडकमा पर्ने जग्गा | रु.५००००० प्रति रोपनी |
| | आवासिय क्षेत्र | साहुवाडा (साविक दुल्लू गाविस २) पौवा ( साविक पादुका गाविस ५ र दुल्लू गाविस २ ) ठकुरीवाडा (साविक दुल्लू गाविस ४)<br>रोकायावाडा (साविक दुल्लू गाविस ५)<br>सडकले छुने वजार क्षेत्रकाजग्गाहरु | रु.३००००० प्रति रोपनी |
| | कृषि क्षेत्र | दुवारीचाखा (साविक पादुका गाविस ५)<br>ठकुरीवाडा (साविक दुल्लू गाविस ४)<br>रोकायावाडा (साविक दुल्लू गाविस ५)<br>मेहेलपानी (साविक दुल्लू गाविस ३)<br>साहुवाडा (साविक दुल्लू गाविस २) वड ( साविक बडलम्जी गाविस १) खिराखर्क ( साविक वडलम्जी गाविस ८) , हुडीखोला (साविक बडलम्जी ८) वालेश्वर (साविक बडलम्जी ९) वस्कोटी ( पादुकागाविस ५)<br>सडकले नछुने जग्गाहरु | रु.५०००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | लुहाडा, राईरुवा (साविक पादुका ५ र बडलम्जी ९) वस्कोटी (साविक पादुका ५)<br>काफलघारी (साविक बडलम्जी ९ ) नर्सरी (साविक पादुका ५) | रु.५००० प्रति रोपनी |
| वडा नं. ९ | आवाश क्षेत्र | भजनिया, पिपलघारी सडक क्षेत्रले छुने जग्गाहरु<br>भित्री भागका जग्गाहरु<br>मध्यपहाडी लोकमार्ग सडकले छुने जग्गाहरु<br>भित्रीभागका जग्गाहरु (साविक पादुकागाविस ) | रु.४००००० प्रति रोपनी<br><br>रु.५०००० प्रति रोपनी<br><br>रु.४०००००प्रति रोपनी<br>रु. ५०००० प्रति रोपनी |
| | संस्थागत | | |

| | वर्गीकृत क्षेत्र | स्थान | न्यूनतम मूल्य |
|---|---|---|---|
| | कृषि क्षेत्र | वडीपाटी, दरथानी, धामीगाउँ, प्यादुरा, काप्रिखाडा, धजावन, चिसापानी (साविक पादुका गाविस ) | रु.५०००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | धजावन,हाडाखर्क, नाराघाट, दरथानी, बडीपाटी ( साविक पादुकागाविस ) | रु.३०००० प्रति रोपनी |
| वडा नं. १० | व्यापारिक क्षेत्र | श्रीस्थान राजाकाध मुल्की सडकमा पर्नेजग्गा | रु.४००००० प्रति रोपनी |
| | | गमौडी राउसे कालभैरब,मडेसिउन राजाकाध सडकमा पर्नेजग्गा | रु.३००००० प्रति रोपनी |
| | आवाशिय क्षेत्र | साविक गमौडी गाविस वडा नं. १ देखि ९ सम्मकाआवासिय क्षेत्रमा पर्ने जग्गाहरु | रु.५०००० प्रति रोपनी |
| | कृषि क्षेत्र | साविक गमौडी गाविस वडा नं. १ देखि ९ सम्मका भित्रीभागमा पर्ने जग्गाहरु | रु ५०००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | साविक गमौडी गाविस वडा नं. १ देखि ९ सम्मका वनवगर क्षेत्रका जग्गाहरु | रु.१०००० प्रति रोपनी |
| वडा नं. ११ | व्यापारिक क्षेत्र | बैक बजार क्षेत्र | रु.५००००० प्रति रोपनी |
| | आवासिय क्षेत्र | साविक कालभैरव गाविस वडा नं. १ देखि ९ सम्मका आवासिय क्षेत्रमा पर्ने जग्गाहरु | रु.५०००० प्रति रोपनी |
| | कृषि क्षेत्र | साविक कालभैरवगाविस वडा नं. १ देखि ९ सम्मका भित्री भागमा पर्ने जग्गाहरु | रु ५०००० प्रति रोपनी |
| वडा नं. १२ | व्यापारिक क्षेत्र | माथिल्लो डुंगेश्वर गौरी सडकमा पर्ने जग्गाहरु | रु.३००००० प्रति रोपनी |
| | आवाशिय क्षेत्र | साविक गौरी गाविस वडा नं. १ देखि ९ सम्मका आवासिय क्षेत्रमा पर्ने जग्गाहरु | रु.५०००० प्रति रोपनी |
| | कृषि क्षेत्र | साविक गौरी गाविस वडा नं. १ देखि ९ सम्मका भित्री भागमा पर्ने जग्गाहरु | रु ५०००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | साविक गौरी गाविस वडा नं. १ देखि ९ सम्मका वनवगर क्षेत्रका जग्गाहरु | रु.१०००० प्रति रोपनी |
| वडा नं. १३ | व्यापारिक क्षेत्र | माथिल्लो डुंगेश्वर हाडेआवत सडकमा पर्ने जग्गाहरु | रु.४००००० प्रति रोपनी |
| | | बैक बजार क्षेत्रमा पर्ने जग्गाहरु | रु.५००००० प्रति रोपनी |
| | आवाशिय क्षेत्र | साविक  मालिका गाविस वडा नं. १ देखि ९ सम्मका आवासिय क्षेत्रमा पर्ने जग्गाहरु | रु.५०००० प्रति रोपनी |
| | कृषि क्षेत्र | साविक  मालिका गाविस वडा नं. १ देखि ९ सम्मका भित्रीभागमा पर्ने जग्गाहरु | रु ५०००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | साविक  मालिका गाविस वडा नं. १ देखि ९ सम्मका वनवगर क्षेत्रका जग्गाहरु | रु.१०००० प्रति रोपनी |

## अनुसूची - ३
(दफा ५ सँग सम्बन्धित)

व्यवसाय कर एवं दस्तुर (प्रति वर्ष)

| शिर्षक | आ.व.०७८/०७९ को कर दस्तुर | नवीकरण दस्तुर रु. |
|---|---|---|
| क) व्यावसायिक बस्तु | | |
| चुरोट, सुर्ती लगायत मद्यपान पसल | १०००/- | ५००/- |
| कम्प्युटर पसल | १०००/- | ५००/- |
| सुनचाँदी | २०००/- | १००० /- |
| सवारी साधन विक्रि | १५००/- | १००० /- |
| दैनिक उपभोग्य सामाग्री विक्रि पसल | १०००/- | ५००/- |
| कपडा, जुत्ता चप्पल तथा फेन्सी पसल | १५००/- | ७००/- |
| विजुली पसल | १०००/- | ५००/- |
| माछा मासु पसल | १५००/- | ५००/- |
| कुखुरा पालन व्यवसाय | १०००/- | ५००/- |
| टेलरीङ्ग | ५००/- | २५०/- |
| घुम्ती पसल | ५००/- | २५०/- |
| ख) विशेषज्ञ, परामर्श तथा अन्य सेवा प्रदायक | | |
| चिकित्सक | १५००/- | ५००/- |
| कविराज | १०००/- | ४००/- |
| इन्जीनियर | १५००/- | ५००/- |
| कानून व्यवसायी(अधिवक्ता) | १५००/- | १०००/- |
| अभिकर्ता | १०००/- | ५००/- |
| लेखापढी व्यावसायी | ५००/- | २५०/- |
| लेखापरिक्षक | १५००/- | ७५०/- |
| दन्त चिकित्सक | १५००/- | ७५०/- |
| परामर्श दाता | १५००/- | ७५०/- |
| | | |
| **Computer Analyst And Programmer** | १५००/- | ७५०/- |
| विमा अभिकर्ता | १५००/- | ७५०/- |
| सर्भेयर | १५००/- | ७५०/- |
| अनुवादक | १५००/- | ७५०/- |
| पशु चिकित्सक | १०००/- | ५००/- |
| शेयर दलाल | १५००/- | ७५०/- |
| सामान ढुवानी कम्पनी | १५००/- | ७५०/- |

| शिर्षक | आ.व.०७८/०७९ को कर | नवीकरण दस्तुर रु. |
|---|---|---|
| सामान्य लेखापढी | १००० /- | ५००/- |
| व्यावसायिक भिडियो | १००० /- | ५००/- |
| वैदेशिक रोजगार कम्पनी | ५०००/- | ३०००/- |
| किराना पसल, थोक व्यापार | १५०० /- | ७५०/- |
| किराना पसल साधारण | ७५०/- | ३००/- |
| ग) उद्योग | | |
| उत्पादनमुलक | २०००/- | १०००/- |
| उर्जामुलक | १५००/- | ७५०/- |
| काष्ठकला | १५००/- | ७५०/- |
| कृषिजन्य | १०००/- | ५००/- |
| सेवा उद्योग, पर्यटन | १५००/- | १०००/- |
| निर्माण उद्योग, ग्यारेज | १५००/- | १०००/- |
| वनजन्य उद्योग (फर्निचर आदि) | १५००/- | १०००/- |
| ईंट्टा उद्योग | १०००/- | ५००/- |
| पानी उद्योग | १०००/- | ५००/- |
| घ वर्गको लाईसेन्स | १००००/- | ५०००/- |
| घ) सञ्चार | | |
| कुरीयर सेवा | १०००/- | ५००/- |
| प्रेस | १५००/- | १०००/- |
| **FM** | ५०००/- | २५००/- |
| पत्रिका | १५००/- | ७५०/- |
| केवल नेटवर्किङ | ३०००/- | १५००/- |
| ङ) वित्तिय सेवा | | |
| सहकारी बैङ्क | १५००/- | १०००/- |
| विमा कम्पनी | २५००/- | २०००/- |
| प्राइभेट बैङ्क | ५०००/- | ३०००/- |
| लघुवित्त कम्पनी | ४०००/- | २०००/- |
| मुद्रा सटही तथा आई.एम.ई व्यवसाय | ४०००/- | २०००/- |
| च) स्वास्थ्य सेवा | | |
| गैर सरकारी अस्पताल | | |
| नर्सिङ्ग होम/पोलीक्लीनिक | ३०००/- | ३०००/- |
| क्लीनिक/मेडिकल | १०००/- | १०००/- |
| छ) शिक्षा सेवा निजी क्षेत्र सञ्चालन अनुमति | | |
| पूर्व प्राथमिक विद्यालय सञ्चालन अनुमति | १०००/- | ५००/- |
| प्रा.वि.विद्यालय सञ्चालन अनुमति (१ देखि ५ कक्षा सम्म) | २०००/- | १०००/- |
| नि.मा.वि.विद्यालय सञ्चालन अनुमति(६देखि ८कक्षा सम्म) | ३०००/- | १५००/- |
| मा.वि. विद्यालय सञ्चालन अनुमति(८देखि १०कक्षा सम्म) | ४०००/- | २०००/- |
| उच्चमा.वि.विद्यालय सञ्चालन अनुमति(११देखि१२ कक्षा सम्म) | ५०००/- | २५००/- |
| क्याम्पस | ६०००/- | ३०००/- |

| शिर्षक | आ.व.०७८/०७९ को कर | नवीकरण दस्तुर रु. |
|---|---|---|
| ज) शिक्षा सेवा निजी क्षेत्र थप कक्षा सञ्चालन अनुमति | | |
| पूर्व प्राथमिक विद्यालय सञ्चालन अनुमति | ५००/- | ० |
| प्रा.वि.विद्यालय सञ्चालन अनुमति (१ देखि ५ कक्षा सम्म) | ६००/- | ० |
| नि.मा.वि.विद्यालय सञ्चालन अनुमति(६देखि ८कक्षा सम्म) | ७००/- | ० |
| मा.वि.विद्यालय सञ्चालन अनुमति(८देखि १०कक्षा सम्म) | ८००/- | ० |
| उच्च मा.वि.विद्यालय सञ्चालन अनुमति (११ देखि १२ कक्षा सम्म) | ९००/- | ० |
| क्याम्पस | १०००/- | ० |
| ज) अन्य | | |
| NGO दर्ता | २५००/- | |
| INGO दर्ता | ५०००/- | |
| NGO नविकरण | | |
| १ लाख सम्म कारोबार | | ५००/- |
| १ लाख देखी ५ लाख सम्म कारोबार | | १०००/- |
| ५ लाख देखी २० लाख सम्म कारोबार | | २०००/- |
| २० लाख भन्दा माथि कारोबार | | ३०००/- |
| आमा समुह | ३००/- | १५०/- |
| वन उपभोक्ता समिति | १०००/- | ५००/- |
| स्थानीय सहकारी | १५००/- | १०००/- |
| स्थानीय समुह | ५००/- | २५०/- |
| अन्य समुह/समिति | २००/- | १००/- |
| दुध डेरी | १०००/- | ५००/- |
| कपाल काट्ने (हेयर कटिङ्ग शैलुन) | ५००/- | २५०/- |
| झ) ग्यारेज (सवारी साधन मर्मत) | | |
| Heavy Equipments | ३०००/- | २०००/- |
| अन्य | १०००/- | ५००/- |
| डिलर (भाँडा बेच्ने) | १५००/- | ७५०/- |
| ग्याँस विक्रेता | १०००/- | ५००/- |
| साना मेसीनरी मर्मत | ५००/- | २५०/- |
| पेट्रोल पम्प | ५०००/- | २५००/- |
| व्युटी पार्लर तथा कष्मेटिक पसल | १०००/- | ५००/- |
| फोटो स्टुडियो | १०००/- | ५००/- |
| पेन्टीङ तथा आर्ट | १०००/- | ५००/- |
| पशु वधशाला | १०००/- | ५००/- |
| फलफूल तथा तरकारी पसल | १०००/- | ५००/- |
| सिसा, प्लाईउड पसल | १०००/- | ५००/- |
| भाँडाकुडा विक्रेता | १०००/- | ५००/- |
| स्टिल दराज, तथा फर्निचर विक्रेता | १०००/- | ५००/- |
| घुन्ती पसल (प्रतिदिन) | | १००/- |
| एग्रोभेट | १०००/- | ५००/- |

| शिर्षक | आ.व.०७८/०७९ को कर | नवीकरण दस्तुर रु. |
|---|---|---|
| ञ) होटेल | | |
| RCC ठूलो सुविधायुक्त | १५००/- | १०००/- |
| सानो | ७५०/- | ५००/- |
| छाप्रो | ५००/- | ५००/- |
| चिया पसल नास्ता | २००/- | १००/- |
| स्टेसनरी पसल | १०००/- | ५००/- |
| ट) मादिरा पसल | | |
| डिलरसिप | ५०००/- | २५००/- |
| खुद्रा | २०००/- | १५००/- |
| रेमिट्यान्स सेवा | २५००/- | १५००/- |
| निजी टेलिफोन टावर | ५०००/- | ३०००/- |
| सरकारी टेलिफोन टावर | ४०००/- | २०००/- |
| मिल, सव-मिल दर्ता | ५०००/- | २५००/- |
| ठ) सवारी साधन दर्ता | | |
| हेभि(डोजर, बस, ट्रक) | २५००/- | १५००/- |
| कार, जिप, ट्रयाक्टर | १५००/- | ७५०/- |
| मोटर साइकल | १००/- | ५०/- |
| खोटो संकलन | १००००/- | ५०००/- |
| मिल कुटानी पिसानी | १०००/- | ५००/- |
| अटोरिक्सा | १०००/- | ५००/- |
| ठेला गाडा | ३००/- | १५०/- |
| ड) व्यावसायिक मनोरञ्जन कर | | |
| जात्रा मेला महोत्सव | २०००/- | ० |
| सर्कस जादू | १५००/- | ० |

## अनुसूची - ४
### (दफा ८ सँग सम्बन्धित )

सिफारिस दस्तुर तथा सेवा शुल्क

| शिर्षक | आ.व.०७८/०७९ का लागि निर्धारण गरिएका करका दररेटहरु |
|---|---|
| क) सिफारिस दस्तुर तर्फ | |
| साधारण सिफारिस | ५०/- |
| नागरिकता सिफारिस (नयाँ र प्रतिलिपि) | ५०/- |
| नागरिकता सिफारिस सर्जमिन सहित | १००/- |
| सर्जमिन सहित सिफारिस अन्य (जग्गा नामसारी समेत) | १५०/- |
| पेन्सन सिफारिस स्वदेशी | ५५०/- |
| पेन्सन सिफारिस भारतीय | १०००/- |

| शिर्षक | आ.व.०७८/०७९ का लागि निर्धारण गरिएका करका दररेटहरु |
|---|---|
| पेन्सन सिफारिस तेश्रो मुलक | १२००/- |
| पेन्सन नामसारी स्वदेशी | ५००/- |
| पेन्सन नामसारी भारतीय | ७००/- |
| पेन्सन नामसारी तेश्रो मुलक | १२००/- |
| अग्रेजीमा गरिने सवै प्रकारका सिफारिस | ४००/- |
| नेपालीमा गरिने सवै प्रकारका सिफारिस विशेष | १००/- |
| फरक फरक नाम एउटै भन्ने सिफारिस | १००/- |
| जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि र फोटटाँस सिफारिस | १००/- |
| विवाहित अविवाहित प्रमाणित सिफारिस | २५०/- |
| अंगिकृत नागरिकता सिफारिस | ५००/- |
| नाता प्रमाणित स्वदेशी | १००/- |
| नाता प्रमाणित विदेशी प्रयोजन | २५०/- |
| नाताकायम | १००/- |
| पारिवारीक विवरण पेनसन प्रयोजन | २५०/- |
| नावालक सिफारिस | ५०/- |
| जन्म मिति प्रमाणित | १००/- |
| चारित्रिक प्रमाणित | २५०/- |
| चारकिल्ला प्रमाणित | १००/- |
| नामथर जन्म मिति आदि विवरण सच्याउने (६ महिना भित्र) | १००/- |
| नामथर जन्म मिति आदि विवरण सच्याउने (६ महिना भन्दा बढी) | ५००/- |
| व्यक्तिगत घटना दर्ता (३५ दिन भित्र दर्ता गराएमा) | निशुल्क |
| व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क (३५ दिन पछि) | २००/- |
| व्यक्तिगत घटना प्रमाणपत्रको नक्कल दस्तुर (नेपालीमा) | ५००/- |
| व्यक्तिगत घटना दर्ता तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर (नेपालीमा) | २००/- |
| विद्युत जडान सिफारिस (घरायसी) | २५०/- |
| विद्युत जडान व्यवसायिक प्रयोजनका लागि | ७५०/- |
| विद्युत जडान ठाउँसारी घरायसी | १००/- |
| विद्युत जडान नामसारी ठाउँसारी (साना उद्योग) | ७५०/- |
| विद्युत जडान ठाउसारी (मझौला उद्योग) | १०००/- |
| विद्युत जडान नामसारी ठाउँसारी (ठुला उद्योग) | २०००/- |
| काठको सिफारिस (घरगोठ सार) | २००/- |
| घरेलु उद्योग सर्जमिन सहितको सिफारिस | १५०/- |
| घर गोठ प्रमाणित | १००/- |
| व्यवसाय दर्ता तथा वन्द सिफारिस | १००/- |
| व्यवसाय नाम परिवर्तन सिफारिस | ५००/- |
| व्यवसाय नामसारी ठाउँसारी दस्तुर | ५००/- |
| सर्जमिन दस्तुर | १५०/- |

| शिर्षक | आ.व.०७८/०७९ का लागि निर्धारण गरिएका करका दररेटहरु |
|---|---|
| टेलीफोन नामसारी | २००/- |
| संचार सम्वन्धि विभिन्न सिफारिस | २५०/- |
| ख) घर तथा जग्गा नामसारी दस्तुर | |
| अंशवण्डावाट पारिवारीक | २००/- |
| घरबाटो भए नभएको सिफारिस (शहरी क्षेत्र ) | ५००/- |
| घरवाटो भए नभएको सिफारिस (ग्रामीण क्षेत्र) | २००/- |
| घर नक्शा अभिलेख दस्तुर(कच्ची घर) | ५००/- |
| घर नक्शा अभिलेख दस्तुर(पक्की ढलान घर) | १०००/- |
| घरकायम सिफारिस दस्तुर | १५०/- |
| नक्सापास निवेदन तथा फारम दस्तुर | ७००/- |
| अमिन दस्तुर | १०००/- |
| घर निर्माण सम्पन्न प्रमाणपत्र दस्तुर | ५००/- |
| ग) नक्सापास दस्तुर ( पुराना घर) | |
| १. वजार क्षेत्र | |
| १.१ १ व.फि. देखी १५०० व.फि. | ७००/- |
| १.२ १५०० व.फि.भन्दा माथि | १०००/- |
| २.ग्रामीण क्षेत्र | ४००/- |
| ३.नक्सा नामसारी दस्तुर (विक्रि प्रयोजनका लागि) | १०००/- |
| ४.नक्सापास जरिवाना दस्तुर | लाग्ने दस्तुरको आधा |
| ५.मुद्धा निवेदन | ५०/- |
| ६.निजीकाठको सिफारिस | २०००/- |
| ७.कन्सल्टेन्टी सूचीकृत सिफारिस | २५००/- |
| ८.कन्सल्टेन्टी नविकरण सिफारिस | १०००/- |
| ९.करचुक्ता सिफारिस | १००/- |
| १०.तमसुक रोहवर वसेवापत् शुल्क | २००/- |
| घ) पुरानो घरजग्गा नामसारी नक्सापास दस्तुर(रुं. लाख भन्दा माथि) | |
| १. १ तले **RCC** | ५००/- |
| २.२ तले **RCC** | १०००/- |
| ३. २ तले भन्दा माथिको **RCC** भवन | १५००/- |
| ४.सामान्य घर | ४००/- |
| ङ) प्रतिलिपि प्रमाणित दस्तुर | |
| १. सेवाग्राही आफैले सारेमा (प्रतिपाना) | २०/- |
| २. कार्यालयको तर्फवाट सारेमा (प्रतिपाना) | ५०/- |
| च) तलब भत्ता प्रमाणित सिफारिस दस्तुर | १००/- |
| छ) सरकारी पर्ति जग्गामा भएको ढुंगा र गिट्टी उत्खनन् | |
| १.प्रति ट्रिप हेभी ट्रक | ५००/- |
| २.प्रति ट्रिप मिनी ट्रक सानो | ४००/- |
| ३.प्रति ट्रिप ट्रयाक्टर | ३००/- |

| शिर्षक | आ.व.०७८/०७९ का लागि निर्धारण गरिएका करका दररेटहरु |
|---|---|
| छ) सरकारी पर्ति जग्गामा भएको वालुवा र माटो उत्खनन् | |
| १.प्रति ट्रिप हेभी ट्रक | ४००/- |
| २.प्रति ट्रिप मिनी ट्रक सानो | ३००/- |
| ३.प्रति ट्रिप ट्र्याक्टर | २००/- |
| ज) खोटो संकलनका लागि सिफारिस | ५०००/- |
| झ) पशु वस्तु निर्यात सिफारिस दस्तुर | |
| १.भैंसी राङ्गो प्रति गोटा | ५००/- |
| २.गाई/गोरु प्रति गोटा | १००/- |
| ३. खसी/बाखा प्रति गोटा | ५०/- |
| ञ) दुल्लू अस्पतालमा सेवा प्रवाह गर्दाको विविध शूल्क (व्यवस्थापन समितिको निर्णयानुसार) | |
| ट) होर्डिङ्गवोर्ड राखे वापत् शुल्क (साईज अनुसार तोक्ने) | |

## अनुसूची - ५

## (दफा १५ सँग सम्बन्धित )

घर जग्गा (अचल सम्पत्ती) मुल्याङ्कन दस्तुर

| क्र.स. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | ५ लाख सम्म | २५०/- | |
| २ | ५ लाख १ देखि १० लाख सम्म | ७५०/- | |
| ३ | १० लाख १ देखि २० लाख सम्म | २०००/- | |
| ४ | २० लाख १ देखि ३० लाख सम्म | ५००/- | |
| ५ | ३० लाख १ देखि ५० लाख सम्म | ३०००/- | |
| ६ | ५० लाख १ देखि ७५ लाख सम्म | ३५००/- | |
| ७ | ७५ लाख १ वा सो भन्दा माथि | ४५००/- | |

## अनुसूची -६

## (दफा १६ सँग सम्बन्धित )

नक्सापास दस्तुर (प्रति वर्ग फिट) नयाँ घर

| क्र.सं | बनोट | प्रति वर्ग फिट | साइडको बजार क्षेत्र | मुल सडक | ग्रामिण क्षेत्र |
|---|---|---|---|---|---|
| १ | ढुंगा माटोको गाह्रो फुसको छाना भएको घरको | प्रति वर्ग फिट | ०।० | ।५० पैसा | |
| २ | ढुंगा माटोको गाह्रो पत्थर र टीनको छाना भएको | प्रति वर्ग फिट | रु.१। | १।५० | ।७५ पैसा |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सिमेन्टको गाह्रो ढुंगाको चिनाई टिनको छाना भएको | प्रति वर्ग फिट | रु.१।५० | रु.२।- | रु.१।- |
| ४ | सिमेन्टको गाह्रो ढुंगा/इटाको चिनाई आर.सि.सि.भएको | प्रति वर्ग फिट | रु.२।- | रु.३।- | रु.१।५० |
| ५ | सिमेन्टको गाह्रो ढुंगा/इटाको चिनाई आर.सि.सि.भएको सरकारी भवन | प्रति वर्ग फिट | रु.४। | रु.४।५० | २ |
| ६ | बजार क्षेत्रमा ग्रिल काठको पाटेसन तथा पाताको छाना भएको | प्रति वर्ग फिट | | रु.१।- | |

## अनुसूची -७
(दफा १८ सँग सम्बन्धित )

| क.स. | विवरण | वैदेशिक प्रयोजनको लागि अचल सम्पत्ती मुल्याङ्कन दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १ | ५ लाख सम्मको | ५००/- | |
| २ | ५ लाख १ देखी १० लाख सम्म | १०००/- | |
| ३ | १० लाख १ देखी १५ लाख सम्म | १०००/- | |
| ४ | १५ लाख १ देखी २० लाख सम्म | १२००/- | |
| ५ | २० लाख १ देखी २५ लाख सम्म | १३००/- | |
| ६ | २५ लाख १ देखी ३० लाख सम्म | १५००/- | |
| ७ | ३० लाख १ देखी ३५ लाख सम्म | १८००/- | |
| ८ | ३५ लाख १ देखी ४० लाख सम्म | २०००/- | |
| ९ | ४० लाख १ देखी ४५ लाख सम्म | २५००/- | |
| १० | ४५ लाख १ देखी ५० लाख सम्म | ३५००/- | |
| ११ | ५० लाख १ भन्दा माथिको | ५५००/- | |
| वैदेशिक प्रयोजनको लागि आय मुल्याङ्कन (रु.) | | | |
| १ | ५ लाख सम्मको | ५००/- | |
| २ | ५ लाख १ देखी १० लाख | ६००/- | |
| ३ | १० लाख १ देखी १५ लाख | ७००/- | |
| ४ | १५ लाख १ देखी २० लाख | ८००/- | |
| ५ | २० लाख १ देखी २५ लाख | ९००/- | |
| ६ | २५ लाख १ देखी ३० लाख | १०००/- | |
| ७ | ३० लाख १ देखी ३५ लाख | ११००/- | |
| ८ | ३५ लाख १ देखी ४० लाख | १२००/- | |
| ९ | ४० लाख १ देखी ५० लाख | १५००/- | |
| १० | ५० लाख १ देखि १ करोड सम्मको | २५००/- | |
| ११ | १ करोड १ देखि १ करोड ५० लाख सम्मको | ३०००/- | |
| १२ | १ करोड ५० लाख १ भन्दा माथि | ४०००/- | |